बाबुराम पाडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रौटा,कपिलवस्तु लुम्बिनी प्रदेश

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा कपिलवस्तु

# छोटो अवधिका सीपमूलक तालिम कार्यक्रम कार्यान्वयन कार्यशर्त तथा प्रस्तावपत्र -२०८०

## १. परिचय :

शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व.२०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रममा सबैखाले गरिव,विपन्न र पिछडिएका युवा, महिला तथा किशोरकिशोरीहरुलाई प्राथमिकता सहित स्व-रोजगार सम्वन्धि कार्यक्रम, गरिव विपन्न युवाहरुलाई मोटर ड्राईभिङ्ग तालिम, युवा तथा किशोर किशोरीहरुलाई एडभान्स विद्युत वायरिङ्ग तालिम,महिला तथा किशोर किशोरीहरुको लागि आधारभूत सिलाई कटाई तालिम सञ्चालनको लागि बजेट व्यवस्था रहेको छ।उपरोक्त सीपमूलक तालिम कार्यक्रम कार्यान्वयनमा नगरपालिकाको आफ्नो तालिम प्रदान गर्ने निकाय तथा प्रशिक्षक नभएकोले सामुदायिक तथा निजी तालिम प्रदायक संस्था मार्फत गर्नुपर्ने देखिन्छ।सीप विकास तथा क्षमता विकास तालिम लक्षित वर्गका किशोरी तथा महिला,गरिव विपन्न तथा पिछडिएका युवा,किशोर किशोरी, विपन्न पछाडी पारिएका दलित समुदायका युवाहरु समेतलाई लागत अनुमान स्वीकृत गरी सबैखाले युवा,महिला तथा किशोर किशोरीहरुलाई प्राथमिकता सहित स्व-रोजगार सम्वन्धि तालिम प्रदान गर्नुपर्ने देखिन्छ।खासगरी सुविधा विहिन समूहका दलित विपन्न तथा पिछडिएका जनजाती तथा गरिवहरुका लागि रोजगारी पाउन र आय आर्जनमा सहयोग पुगी यस कार्यक्रमकबाट प्रतक्ष्य लाभान्वीत हुनेछन्।नगरपालिकाद्धारा सञ्चालन गर्ने तालिमहरु गुणस्तरीय,बजारमूखी ,व्यवहारिक,स्व-रोजगार मूलक एवं रोजगारमूखी बनाई सञ्चालन गर्न आवश्यक देखिएको छ। स्थानीय स्तरमा रोजगारी सिर्जना हुने खालका सीपमूलक तालिमहरु सञ्चालन गरी न्यून आय भएका तथा पछाडी पारिएका विपन्न युवा महिला तथा किशोर किशोरीहरुलाई स्वरोजगार बनाउनु नगरपालिकाको प्राथमिकता हो।

यस तालिम कार्यक्रमका लागि तालिम प्रदायक संस्थाले कार्यक्रमले तोकेको सेवा तथा सर्तको अधिनमा रही नगर तथा वडा कार्यालय सँगको समन्वयमा सहभागी छनौट गर्ने,तालिम सञ्चालन गर्ने गराउने,परामर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाउन पहल गर्नेछ। यसै उदेश्य प्रासीको लागि चालु आ.व.२०८०।०८१ मा छोटो अवधिका विभिन्न सीपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गर्ने कार्यक्रम रहेकोले सो तालिम सञ्चालनको लागि कार्यक्रम कार्यान्वयन विधि र यो कार्य निर्देश शर्त (TOR) तयार गरिएको छ।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

आ.व.२०८०।०८१ मा नगरपालिकाको स्वीकृत बार्षिक कार्यक्रम तथा बजेट अनुसार निम्नानुसार कार्यक्रमहरु रहेका छन् ।

| क.सं. | कार्यक्रमको नाम | खर्च शिर्षक नं. | स्वीकृत बजेट |
|---|---|---|---|
| १. | गरिव विपन्न युवाहरुलाई मोटर ड्राईभिङ्ग तालिम | २२५१२ | ५,००,०००/- |
| २. | एडभान्स विद्युत वायरिङ्ग तालिम | २२५१२ | ३,००,०००/- |
| ३. | सिलाई कटाई तालिम | २२५१२ | १,५०,०००/- |

## २. आवश्यकता र औचित्य :

प्रस्तुत कार्यक्रमहरुले सुविधाविहिन समुहका युवा किशोर किशोरी तथा अति सिमान्तकृत तथा सिमान्तकृत,पछाडी पारिएका विपन्न महिला तथा युवा युवतीहरुको लागि रोजगारी पाउन र आय आर्जनमा सहयोग पुगी यस कार्यक्रमबाट प्रतक्ष्य लाभान्वीत हुने अपेक्षा राखिएको छ।

## ३. कार्यक्रमको लक्ष्य तथा उदेश्य :

### क. लक्ष्य :

सीपमूलक तालिमको माध्यमबाट विपन्न उपेक्षित तथा सिमान्तकृत युवा,किशोर किशोरी र महिला सबैलाई आय आर्जनमा संलग्न गराउनको लागि सीपयुक्त जनशक्ती तयार गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गरी बेरोजगारी घटाउने।

रोजगारी पाउन सक्ने भई तथा स्व-रोजगारी मार्फत आय आर्जन गरी महिला युवा किशोर किशोरीहरुको जिवनस्तरमा सुधार आउने।

### ख.उदेश्य :

नगरपालिकाबाट लक्षित समूहको लागि सञ्चालन हुने सीप विकास सम्वन्धि तालिम सञ्चालन गर्नुको निम्न उदेश्यहरु रहेका छन्।

- शिवराज नगरपालिकाका विभिन्न वडामा रहेका उपेक्षित तथा विपन्न युवा युवती तथा किशोर किशोरी र महिलाहरुको समेत पहुँच हुने गरी सीपमूलक तालिम प्रदान गर्ने।
- सीप तथा व्यावसायीक तालिमका अवसरहरु वृद्धी गरी यस्ता तालिमहरु सेवाग्राहीको निकटमै सञ्चालन गरी स्व-रोजगारको अवसर सिर्जना गर्ने वातावरण तयार गर्ने।
- स्वदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने उद्यमशिल, दक्ष, सीपयुक्त श्रमशक्ती विकास गरी बेरोजगारी न्यूनिकरण गर्ने।
- रोजगार केन्द्रीत लगानीको माध्यमबाट रोजगारीका अवसर तथा संभावनाहरु उजागर गर्दै निर्धारित क्षेत्रमा निश्चित अवधिभित्र सीपयुक्त जनशक्ती तयार गर्ने।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा कपिलवस्तु
लुम्बिनी प्रदेश

## ४. अपेक्षित उपलब्धी :

तालिम कार्यक्रम सम्पन्न भए पश्चात निम्न उपलब्धीहरु हाँसिल हुनेछन्।

- रोजगारीमा युवा, महिला, दलित किशोर किशोरी अति विपन्न परिवार तथा सिमान्तकृत क्षेत्र र समूहका व्यक्तिहरुको पहुँचमा वृद्धी भएको हुनेछ।
- राष्ट्रिय श्रम बजारको माग अनुरुप सीपयुक्त श्रमशक्ती तयार भई रोजगारीमा पहुँच बढ्नाले बेरोजगारी घटेको हुनेछ।
- स्व-रोजगार सिर्जना गर्ने सोचाई अभिवृद्धी हुने र स्व-रोजगार हुन सक्ने।
- स्थानीय श्रम बजारमा रोजगारी पाउन सकिने।
- उत्पादकत्व र कार्यकुशलता बढ्ने र फलस्वरुप पारिश्रमिकमा बृद्धी हुने।
- सीपयुक्त श्रमशक्तीबाट आर्थिक विकासमा टेवा पुग्ने।

## ५. तालिमको विषय तथा क्षेत्र :

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले तोकेको पाठ्यक्रम वा अन्य आधिकारिक निकायले बनाएको स्वीकृत पाठ्यक्रम अनुसारको मात्र तालिम कार्यक्रम सञ्चालन हुनेछ। चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अनुसारका तालिम कार्यक्रमहरु स्वीकृत पाठ्यक्रम अनुसार सञ्चालन हुने गरी निम्न विषयका तालिमको अवधि संचालन हुने स्थान र तालिम समुह तथा सहभागिको संख्या हुनेछ।

| तालिमको विषय | अवधि | समुह संख्या | सहभागी संख्या | तलिम संचालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|
| गरिव विपन्न युवाहरुलाई मोटर ड्राईभिङ्ग तालिम | ६० दिन (प्रतिदिन ३ घण्टाको दरले) | स्वीकृत बजेटको परिधिभित्र रही तय गरिने | प्रति समूह २० जनाको दरले (जम्मा सहभागि संख्या स्वीकृत बजेटको परिधिभित्र रही तय गरिने) | नगरपालिकाले तोकेको स्थान | |
| एडभान्स विध्युत वायरिङ्ग तालिम | ६० दिन (प्रतिदिन ३ घण्टाको दरले) | स्वीकृत बजेटको परिधिभित्र रही तय गरिने | प्रति समूह २० जनाको दरले (जम्मा सहभागि संख्या स्वीकृत बजेटको परिधिभित्र रही तय गरिने) | नगरपालिकाले तोकेको स्थान | |

पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा कपिलवस्तु
लुम्बिनी प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| आधारभूत सिलाई कटाई तालिम | ६० दिन (प्रतिदिन ३ घण्टाको दरले) | स्वीकृत बजेटको परिधिभित्र रही तय गरिने | प्रति समूह २० जनाको दरले (जम्मा सहभागि संख्या स्वीकृत बजेटको परिधिभित्र रही तय गरिने) | नगरपालिकाले तोकेको स्थान | |

## ६. <u>लागत अनुमान</u> :

सीप विकास सम्वन्धि नगरपालिकाले सञ्चालन गर्ने तालिमको खर्च नर्मस तथा लागत अनुमात तालिम विषयको पाठ्यक्रम अनुसार हुने गरी नगरपालिकाले स्वीकृत गरे अनुसार हुनेछ।

## ७. <u>तालिम संचालन गर्न तालिम प्रदायक (परामर्शदाता) हरुको योग्यता</u> :

छोटो अवधिको तालिम सञ्चालन व्यावसायिक तालिमका क्षेत्रमा ज्ञान तथा अनुभव भएका संस्थाहरुबाट गराईनेछ। यी संस्थाहरु भनेका प्राविधिक शिक्षा तथा व्यावशायिक तालिम परिषद्को विधानले संगठित गरेका संस्थाहरु,प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्सँग सम्वन्धन प्राप्त गरेका संस्थाहरु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बाट स्वीकृती लिई स्थापित निजी तथा सामुदायिक संस्थाहरु, व्यवसायिक विषयमा छोटो अवधिको तालिम सञ्चालन गर्ने उदेश्य भएका अन्य आधिकारिक निकायमा दर्ता भएका सरकारी, निजी तथा सामुदायिक संस्थाहरु हुनेछन्।

क. <u>तालिम संचालन गर्ने तालिम प्रदायक (परामर्शदाता) हरुको योग्यता निम्नानुसार हुनेछ।</u>

१. तालिम संचालनको उदेश्य राखी प्रचलित कानून अनुसार दर्ता भएको र आ.व.२०८०।०८१ सम्मको लागि नवीकरण तथा अध्यावधिक गरेको।
२. प्रचलित कानून अनुसार स्वीकृति सम्बन्धन लिनुपर्ने विषयहरुमा तालिम संचालनको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद(CTEVT) बाट स्वीकृति सम्बन्धन र नवीकरण समेत हुनुपर्नेछ।
३. मुल्य अभिवृद्धी कर(VAT) मा अनिवार्य दर्ता भएको।
४. आ.व.२०७९।०८० सम्मको करचुक्ता भएको।
५. प्रचलित कानून अनुसार कसुर नगरेको र कुनै पनि निकायमा कालो सूचिमा नपरेको।
६. तालिम प्रदायक संस्थाले प्रतेक तालिमको लागि अलग अलग प्रस्ताव पेश गर्नुपर्नेछ।
७. प्रस्ताव पेश गर्ने तालिम प्रदायक संस्था कम्तिमा १ वर्ष देखि समान प्रकृतिको काम गरेको हुनुपर्नेछ। कार्य अनुभवको लागि कार्य सम्पन्न प्रमाण-पत्र पेश गर्नु पर्नेछ।

पुरान पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रौटा,कपिलवस्तु लुम्बिनी प्रदेश

८. ईच्छुक तालिम प्रदायक संस्थाले नगरपालिकाले उपलब्ध गराएको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ।

ख. तालिम प्रदायकले तालिमका लागि निम्न अनुसारको प्रशिक्षकको व्यवस्था गर्नुपर्नेछ।

१. पाठ्यक्रममा तोकिए बमोजिमको योग्यता भएका एक समूह (बढिमा २०जना) को लागि २ जना १ प्रमुख प्रशिक्षक र १ सहायक प्रशिक्षक हुनुपर्नेछ। बजेट उपलब्धताको आधारमा समूह तथा प्रति समूह संख्या नगरपालिकाले घटबढ गरी तोक्न सक्नेछ।

२. प्रशिक्षार्थि प्रशिक्षक अनुपात बढिमा २०:२ हुनेछ वा समूहगत तोकिएको संख्याको आधारमा प्रतिकक्षा २ जना प्रशिक्षक हुनेछन्।

ग. तालिम संचालनको क्रममा तालिम प्रदायक संस्थाले मुख्य रुपमा देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ।

१. तालिम संचालन गर्नु पूर्व नगरपालिकासँग समन्वय गरी कार्यक्रम कार्यान्वयन योजनालाई अन्तिम रुप दिनु पर्नेछ।

२. प्रभावकारी रुपले तालिम संचालन गर्न आवश्यक तालिम कक्ष तथा तालिम स्थल,तालिमको लागि आवश्यक यन्त्र उपकरण,औजार, कच्चा पदार्थ र तालिम सामाग्रीहरु समयमा नै प्रयाप्त व्यवस्था गर्नुपर्नेछ।

३. तालिम संचालनका सिलसिलामा आवश्यक अन्य व्यवस्था मिलाउने सम्पूर्ण जिम्मेवारी तालिम संचालन गर्ने तालिम प्रदायकको नै हुनेछ।

घ. तालिम प्रदायक संस्थाका मुख्य जन शक्तिको पद,नाम तथा योग्यता।

अ. कार्यक्रम व्यवस्थापक :

१. शैक्षिक योग्यताको हकमा कम्तिमा मान्यता प्राप्त संस्थाबाट सम्बन्धित क्षेत्रमा प्रमाण-पत्र तह उतिर्ण गरेको हुनुपर्नेछ।

२. कार्यक्रम व्यवस्थापक भई हाल कार्यरत रहेको हुनुपर्नेछ।

कार्यक्रम व्यवस्थापकले गर्नुपर्ने कामहरु

१. सम्झौता बमोजिमको तालिम प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित अनुगमन गर्ने,

२. कार्यक्रम गर्न नगरपालिकासँग मुख्य समन्वय कर्ता भई कार्य गर्ने,

३. कार्यक्रम व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी लिई गुणस्तर कायम गर्न सहयोग गर्ने।

आ. प्रशिक्षक

प्रशिक्षकले गर्नुपर्ने कामहरु

१. तालिम योजना तयार गर्ने,

२. तालिम योजना अनुसार तालिमको पूर्व तयारी गर्ने,

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालय चन्द्रौटा कपिलवस्तु लुम्बिनी प्रदेश

३. तालिममा सहभागीहरुबाट र अनुगमनकर्ता तथा सुपरिवेक्षकबाट प्राप्त पृष्ठपोषण लिई गुणस्तरीय तालिमको लागि आवश्यक सुधार ल्याउने,

४. तालिम दिँदा आईपर्ने समस्याहरु बारे समयमै सम्बन्धित व्यवस्थापकलाई अविलम्ब जानकारी दिई समस्या सामाधान गर्ने।

<u>प्रशिक्षकको योग्यता</u>

१. संवन्धित विषयमा CTEVT तह २ पास गरेको र TOT भएको। अथवा CTEVT बाट सम्बन्धित विषयमा TSLC वा डिप्लोमा गरेको प्रशिक्षक हुनुपर्नेछ।

२. सहायक प्रशिक्षकको हकमा CTEVT तह १ पास भएको।

## ८. <u>तालिम प्रदायक संस्थाले काम शुरु गर्ने र सम्पादन गरिसक्नुपर्ने समय</u> :

नगरपालिका सँग सम्झौता भए पछि काम शुरु गर्नुपर्नेछ। साथै सम्पूर्ण तालिम कार्यक्रम ढिलोमा २०८१ आषाढ मसान्त भित्रमा सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ।

## ९. <u>तालिम प्रदायक संस्था छनौट</u> :

### क. प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्ने

तालिम प्रदायक संस्था वा परामर्शदाताले नगरपालिकाबाट प्राविधिक तथा आर्थिक प्रस्तावको सूचना प्रकाशन भए अनुसार प्रस्ताव पेश गर्ने सूचना प्राप्त गरे पश्चात प्राविधिक तथा आर्थिक प्रस्तावको ढाँचा प्राप्त गर्ने,प्राप्त ढाँचा अनुसार प्रस्ताव तयार गरी पेश गर्ने, प्रस्ताव स्वीकृत भएमा नगरपालिका र तालिम प्रदायक बिच सम्पन्न सम्झौताका शर्तहरु बमोजिम तालिम कार्यक्रम संचालनको क्रममा आईपर्ने समस्याहरु,अन्य आवश्यक विषय र परिस्थितिमा सूचना आदान प्रदान गर्नु परेमा नगरपालिकामा सम्पर्क गर्नु पर्नेछ। साथै आर्थिक कारोबार तथा करको सम्बन्धमा नगरपालिकाको आर्थिक प्रशासन शाखामा सम्पर्क गर्नुपर्नेछ।

### ख. प्रस्ताव पेश गर्ने

प्रस्तावदाताले आर्थिक र प्राविधिक सहितको प्रस्ताव नगरपालिकामा प्रस्ताव पेश गर्ने सूचना बमोजिमको मिति र समय सम्ममा कार्यालय समय भित्र प्राविधिक प्रस्तावमा तोकिएका कार्यहरु सम्पन्न गर्न प्रस्तावित कार्यविधि(Methodology),कार्ययोजना (Work-plan),जनशक्तिको वैयक्तिक विवरण (CV) तथा प्रस्तावमा उल्लेखित शैक्षिक योग्यता तथा अनुभवलाई प्रमाणित गर्ने कागजात लगायतका आवश्यक कागजातहरु तथा निर्देशन महलमा उल्लेख भए बमोजिम समावेश गर्नुपर्नेछ। आर्थिक प्रस्तावमा मूं.अ.कर रकम छुट्याई तालिम संचालनको लागि प्रस्तावदाताले आर्थिक प्रस्तावको ढाँचामा उल्लेख भए अनुसार पेश गर्नुपर्नेछ। प्राविधिक र आर्थिक प्रस्तावको प्रतेक पानामा परामर्शदाता संस्थाको कार्यकारी प्रमुखको सही गरी संस्थाको छाप लगाएको हुनु पर्नेछ।

सार्वजनिक खरिद ऐन नियमावली अनुसार सेवा परामर्शको लागि सार्वजनिक सूचना प्रकासन गरी तालिम प्रदायकहरुलाई प्रस्ताव सम्वन्धि कागजात उपलब्ध गराई कम्तिमा ७ दिनको

समय दिई निजहरुबाट प्रस्ताव माग गरिनेछ। माग गरिएको प्राविधिक र आर्थिक प्रस्तावको संलग्न ढाँचा बमोजिम बिवरण भरी समावेश गरी प्रस्ताव तयार गर्नुपर्नेछ। प्राविधिक प्रस्तावतर्फ प्रस्तावदाताले प्रस्ताव गरेको प्रमुख जनशक्तीको आफ्नो हाल सालैको व्यक्तिगत विवरण सत्य र पूर्ण रहेको कुरा प्रमाणित गरेको हुनु पर्नेछ।

१०. **मूल्याङ्कनको विधि र आधार :**

प्रस्तावको मूल्याङ्कन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था अनुसार लागत विधिको आधारमा मूल्याङ्कन गरिनेछ। प्रभावकारी रुपमा तालिम संचालनका लागि प्रस्ताव पेश गर्दा संलग्न गरेको जनशक्तिका अलावा थप जनशक्ती परामर्शदाताले प्रस्ताव गर्न सक्नेछ। प्रस्तावदाताले कार्यक्षेत्रगत शर्तमा टिप्पणी गर्न पाउने छैन। प्रस्तावित कार्य गर्न आवश्यक पर्ने रकम नगरपालिकाको चालु आ.व.२०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रममा बाँडफाड भई आएको श्रोतबाट व्यहोरिनेछ। प्रस्ताव मूल्याङ्कनको लागि तालिमको गुणस्तरलाई समेत ध्यान दिँदै लागत विधि अपनाई मूल्याङ्कन गरिनेछ।

११. **तालिम प्रदायक संस्थाको दायित्व :**

तालिम प्रदायक संस्थाले सम्झौता बमोजिम तोकिएको अवधिभित्र कार्य सम्पन्न गरिसकेपछि पनि सम्झौताको म्याद समाप्त भएको दिनबाट थप १ महिनाको दायित्व अवधि रहनेछ। उक्त अवधि भित्र परामर्शदाताले संचालन गरेको तालिमको सम्बन्धमा कुनै सिकायत प्राप्त भई कुनै समूहमा पुनः तालिम कार्यक्रम संचालन गर्नुपर्ने भएमा सो तालिम सञ्चालन गर्नुपर्नेछ र उक्त कार्यका लागि लाग्ने खर्च तालिम प्रदायकले नै ब्यहोर्नु पर्नेछ। साथै आचरण सम्वन्धमा कुनै सिकायत प्राप्त भएमा आचरण महलमा उल्लेख भए बमोजिम हुनेछ। तालिम संचालनको क्रममा नगरपालिकालाई कुनै कर तथा दायित्व व्यहोर्नु पर्ने भएमा सो को जिम्मेवार सम्बन्धित तालिम प्रदायक स्वयम् हुनेछ।

१२. **तालिम संचालनको अनुगमन तथा सुपरीवेक्षण तथा सिफारिस :**

तालिम संचालनको क्रममा बीच बीचमा तालिमको अनुगमन सुपरिवेक्षण गर्न नगरपालिकाका पदाधिकारी र कर्मचारीहरु पनि खटाईनेछ। खटिएका कर्मचारीहरुले देहायका बुँदाहरु समेत समावेश गरी आफ्नो राय तथा प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

१. तालिम व्यवस्थित रुपमा सम्पन्न भए/नभएको ?
२. तालिम संचालनबाट उल्लेखित उदेश्य प्राप्ती भए/नभएको ?
३. तालिम संचालनका लागि आवश्यक जनशक्ति तथा भौतिक सुविधाको व्यवस्था पर्याप्त मात्रामा गरिए/नगरिएको ?
४. तालिममा प्रशिक्षार्थिहरुको तोकिएको संख्यामा उपस्थिति भए नभएको र सहभागिको सक्रिय सहभागिता रहे/नरहेको ?
५. तालिम संचालनका लागि निर्धारित ढाँचा तथा प्रकया पुरा गरे/नगरेको ?
६. तालिम निर्धारित मिति,समय,स्थान तथा समूहमा संचालन भए/नभएको ?

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चद्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

७. निर्धारित कार्ययोजना अनुसार कार्य सम्पन्न भए/नभएको ?
८. उपयुक्त समय र कार्यालयको निर्धारित ढाँचामा सम्बन्धित निकायमा प्रतिवेदन पेश गरे/नगरेको ?
९. तालिम निःशुल्क रुपमा संचालन भए/नभएको ?
१०. तालिम निःशुल्क रुपमा संचालन भएको व्यानर तयार गरी तालिम स्थल बाहिर (सबैले पढ्न सक्ने गरी) राखिएको छ/छैन?
११. तालिममा प्रशिक्षक तथा प्रशिक्षार्थीहरुले दैनिक हाजिरी दस्तखत गरे/नगरेको ?
१२. स्वीकृत भएको पाठ्यक्रम अनुसार प्रशिक्षण भए/नभएको ?

## १३. आचरण :

नगरपालिका तथा परामर्शदाताको लागि देहाय बमोजिमको आचार संहिता लागू हुनेछ।

क. छनौट भएको परामर्शदाताले कार्य क्षेत्रगत शर्त (TOR) तथा सम्झौतामा उल्लेख भएको शर्तको अधिनमा रही तोकिएको समयावधि भित्रै काम सम्पन्न गरी सक्नुपर्नेछ।

ख. प्रस्ताव पेश गर्दा प्रस्तावदाताले झुठा विवरण समावेश गरी प्रस्ताव पेश गर्न पाईनेछैन। तर सो बमोजिम गरी प्रस्ताव पेश हुन आएमा सो को छानविन गरी तथा झुठा विवरण समावेश भएको पाईएमा सम्बन्धित प्रस्तावदाताहरुको प्रस्ताव रद्ध गरी नियमानुसार कारवाही गर्न सकिनेछ।

ग. यो सम्झौताको कार्यान्वयको अवधि तथा यो सम्झौता समाप्त भए पश्चात पनि सेवा सँग सम्बन्धित प्राप्त कुनै गोप्य कुरा राख्नुपर्ने सूचना वा अन्य कुरा नगरपालिका सँग लिखित रुपमा अनुरोध गरी स्वीकृत प्राप्त नगरेसम्म गोप्य नै राख्नुपर्नेछ।

घ. नगरपालिकाले प्रस्तावमा उल्लेख भए बमोजिम समयमै प्रतिवेदन पेश भए पछि सम्झौतामा तोकिएको समयावधि भित्रै सेवा शुल्क रकम भुक्तानी दिईनेछ।

## १४. भुक्तानी प्रकृया :

प्रस्ताव पेश गर्ने प्रस्तावदाताहरु मध्ये तालिम सञ्चालन सेवा उपलब्ध गराउनका लागि छनौट भईसकेपछि नगरपालिका र सम्बन्धित परामर्शदाता बिच सम्झौता गरिनेछ। उक्त सम्झौतामा परामर्शदाता लाई भुक्तानीका सम्वन्धमा देहाय बमोजिमको शर्त समेत समावेश गरिनेछ।

क. तालिम प्रदायकले प्रस्तावमा तोकिएको सेवा प्रदान गरि सकेपछि **"कार्य सम्पन्न प्रतिवेदन"** का साथ आवश्यक बिल भरपाई तथा अन्य कागजातहरु नगरपालिका समक्ष पेश गर्नु पर्नेछ।

ख. तालिम प्रदायकले नगरपालिका समक्ष लिखित निवेदनका साथै आवश्यक कागजात सहित भुक्तानी माग गरेकोमा र आवश्यक कागजात दुरुस्त भएमा सो मितिले २ हप्ता भित्र भुक्तानी दिईनेछ।

ग. तालिम प्रदायक संस्थाका लागि गरिने भुक्तानी तरिका :

बाबुराम पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

तालिम प्रदायक सस्थालाई तालिम संचालन वापत गरिने भुक्तानी एकमुष्ठमा आधारित हुनेछ। रकमको भुक्तानी दिँदा एकमुष्ठ रुपमा कार्य सम्पन्न पश्चात नियमानुसार दिईनेछ। प्रस्तावदातालाई रकम भुक्तानी दिँदा कार्य सम्पन्न भई सके पश्चात एकमुष्ठ रुपमा अनुगमन प्रतिवेदनको आधारमा दिईनेछ। कार्यक्रम समापनको जानकारी नगरपालिकालाई गराउनु पर्नेछ।

कार्य सम्पन्न प्रतिवेदन प्राप्त नभई भुक्तानी गरिनेछैन।

**१५. <u>क्षतिपुर्ति तथा हर्जाना सम्वन्धी व्यवस्था</u> :**

क. तालिम प्रदायकको ढिलासुस्ती वा अन्य कारणले प्रस्ताव तथा पछि सम्पन्न गरिने सम्झौतामा तोकिए बमोजिम तालिम कार्यक्रम सम्पन्न हुन नसकेमा हुन नसकेको कामका लागि लाग्ने सम्पूर्ण खर्च सम्वन्धित तालिम प्रदायकले नै व्यहोर्नु पर्नेछ।

ख. यस TOR सहितको प्रस्तावमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र सो बाहेक अन्य कुराहरुको हकमा प्रचलित कानून कार्यविधि तथा मापदण्ड बमोजिम हुनेछ।

**१६. <u>तालिम संचालन कार्य प्रकृया र कार्यशर्तहरु</u> :**

१. तालिम संचालन गर्न छनौट हुने तालिम प्रदायक फर्म/संस्था वा कम्पनीले नगरपालिकाबाट तोकिएको स्थानमा तालिम प्रदान गर्नुपर्नेछ।

२. प्रति समूह तालिम दिनको बढिमा ३ घण्टा सम्म संचालन गर्न सकिनेछ । विदा वा बन्द भई समय कम हुने अवस्था भएमा अन्य दिन तालिम संचालन गरेर भए पनि तोकिएको कार्य घण्टा पूरा गरेको हुनुपर्नेछ।

३. तालिमको सुपरिवेक्षण पालिका,वडा लगायत तालुक निकायबाट जुनसुकै बखत हुन सक्नेछ।

४. तालिम सैद्धान्तिक र व्यवहारिक ज्ञान दिने गरी संचालन गर्नुपर्नेछ।

५. तालिम संचालनको अवधिमा नगरपालिका तथा तालुक र मातहतका निकाय तथा पदाधिकारीबाट अनुगमन गरिने भएकोले तालिम संचालनको स्थान,अवधि र अन्य विवरण नगरपालिकामा अग्रिम जानकारी गराउनु पर्नेछ।

६. तालिम समापन पछि प्रशिक्षार्थिहरुको हाजिरी तथा व्यक्तिगत विवरण लगायत सम्झौतामा उल्लेखित कुराहरु समावेश गरी तालिम प्रदायकले नगरपालिकामा पेश गर्नु पर्नेछ।

७. प्रशिक्षार्थिहरुको लागि आवश्यक पर्ने तालिम सामाग्री, प्रयोगशाला, प्रशिक्षण सामाग्री लगायत तालिमसँग सम्वन्धित सेवाहरु सेवा प्रदायक संस्थाले तालिम स्थलमा प्रयोगात्मक कार्यको लागि अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

८. तालिम प्रदायकले प्रशिक्षार्थीबाट कुनै शुल्क,दस्तुर आदी उठाउन वा लिन पाउने छैन।

९. तालिम समापन पछि प्रशिक्षार्थीलाई नगरपालिकाको सम्वन्वयमा सेवा प्रदायकले प्रमाण-पत्र तयार गरी दिनुपर्नेछ।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

१०. तालिम प्रदायकले तालिम संचालन हुनु अगाडी तालिम शुरु हुने दिन,दैनिक समयावधि,प्रशिक्षक तथा प्रशिक्षार्थिको विवरण र तालिम समापन हुने समयमा सो जानकारी नगरपालिकामा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

११. नगरपालिकाले सीप परिक्षणको व्यवस्था गरेमा तालिम प्रदायकले प्रशिक्षार्थिहरुको सीप परिक्षण समेत गराउनु पर्नेछ।

## १७. तालिमका लागि सहभागि छनौट :

तालिमका लागि सहभागि छनौट गर्दा वडा कार्यालयहरु सँग समन्वय गरी वडा कार्यालयको सिफारिसको आधारमा निम्न लिखित कुराहरुलाई आधार बनाई सहभागि छनौट गरिनेछ।

क. नेपाली नागरिक,
ख. शिवराज नगरपालिकाको स्थायी वासिन्दा,
ग. साधारण लेखपढ र हिसाव गर्न सक्ने,
घ. एडभान्स तालिमको लागि सोही विषयमा आधारभूत तालिम लिएको,
ङ. उमेर १५ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

## १८. पाठ्यक्रम :

तालिम संचालनको लागि नेपाल सरकारको तालिम प्रदायक संस्थाहरु CTEVT, व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरु, घरेलु कार्यालयहरुले प्रयोग गरेको पाठ्यक्रम तथा मापदण्ड अनुसार तालिम संचालन गर्नुपर्नेछ।

## १९. स्वास्थ्य मापदण्ड अपनाउनु पर्ने :

तालिम प्रदायकले तालिम संचालन गर्दा शौचालय, खानेपानी र सरसफाई सम्वन्धि आधारभूत स्वास्थ्य मापदण्ड अपनाउनु पर्नेछ।

## २०. प्रचलित कानून अनुसार हुने :

यस सीपमूलक तालिम कार्यक्रम कार्यान्वयन कार्यशर्त TOR तथा प्रस्तावपत्र,२०८० मा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र सो बाहेक अन्य कुराहरुको हकमा प्रचलित ऐन कानून कार्यविधि तथा मापदण्ड बमोजिम हुनेछ।